नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समिति

सिंहदरवार, काठमाडौं

## सन् २०२४ (हज १४४५) को हजयात्राको लागि आवेदन दिने म्याद थप गरिएको सूचना

प्रकाशित मिति: २०८० कार्तिक २२ गते

सन् २०२४ (हज १४४५) को हजयात्रामा जानका लागि इच्छुक नेपाली इस्लाम धर्मावलम्वीहरूलाई आवेदन दिन मिति २०८० श्रावण ३० गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम आवेदन दिने म्याद समाप्त भएकोमा आवेदन दिन छुट भएका नेपाली मुस्लिम समुदायहरूबाट यस वर्ष विगतका वर्षहरू भन्दा छिटो हजको आवेदन खुलेकाले आवेदनको समय थप गर्न माग भै आएको तथा नेपाल हज समितिको मिति २०८० कार्तिक २० गते बसेको निर्णय अनुसार सन् २०२४ हजको आवेदन दिने अवधि मिति २०८० कार्तिक २२ गते देखि ऐ. मंसिर १० गते सम्मको लागि थप गरिएको व्यहोरा सम्वन्धित सबैलाई सूचित गरिन्छ। साथै इच्छुक आवेदकले आवेदन फाराम नेपाल हज समितिको सचिवालयको वेव साइट nepalhajj.moha.gov.np बाट Download गरी आवेदन गर्नुहुन अनुरोध गरिन्छ।

थप जानकारीको लागि नेपाल हज समितिको सचिवालय, सिंहदरवारको सम्पर्क फोन नं ०१-४२११५०४/७२ वा इमेल ठेगाना: nepalhaj@gmail.com मार्फत सम्पर्क गर्न सकिनेछ।

**मकवुल मियाँ**
कार्यवाहक अध्यक्ष
नेपाल हज समिति, सिंहदरवार, काठमाडौं।